

# नेपालमा ग्याफ्स्पी (जिएएफएसपि) कार्यक्रम भूमिहीन र साना किसानसम्म पुग्न सकेको छ त ?

# परिचय : नेपालमा जिएएफएसपिको सहयोगमा सञ्चालित एएफएसपि कार्यक्रम

बितेका केही दशकमा नेपालले गरिबी निवारणमा गरेको प्रगतिका बाबजुद, विश्व बैंकले २०१० मा प्रकाशित गरेको तथ्याङ्क अनुसार कुल जनसंख्याको २५.२ प्रतिशत जनसंख्या अझै पनी गरिबीको रेखा मुनी रहेको देखिएको छ।[१] सन् १९९०-१९९२ मा कुपोषित जनसंख्या २२.८ प्रतिशत रहेकोमा सन् २०१०-२०१२ सम्ममा ९.२ प्रतिशतमा झरेको छ।[२] यसका बावजुद मातृस्वास्थ्य र बाल कुपोषण जटिल समस्या रही आएको छ।[३]

नेपालका तिन चौथाइ घरधुरीको जिविकोपार्जन कृषिमा निर्भर भएकाले कृषि भोकमरी अन्त्यका लागि आधारभूत श्रोत हो।[४] कुल गार्हस्थ उत्पादनमा ३४ प्रतिशतमात्र योगदान गरेको कृषि यहाँका बहुसंख्यक मानिसहरूको जिविकोपार्जनको श्रोत हो।[५] नेपाल एक विविध, असमान र खण्डित राष्ट्र हो जसमा १०३ समाजिक समुह जो विभिन्न सम्प्रदाय, जात, धर्म र भाषाका आधारमा विभाजित भएका छन्।[६] खासगरी ग्रामीण क्षेत्रमा दलित, जनजाति, महिला समूहमा केन्द्रित रही खास सम्प्रदाय र जातिगत समूहमा गरिबी केन्द्रित रहेको छ।

महिलाको कुल जनसंख्याको ६५ प्रतिशत कृषि पेशामा निर्भर भएपनी महिला र पुरुषबीचमा स्वास्थ्य सुविधा, पोषण, शिक्षा र निर्णय प्रक्रिया सहभागितामा ठूलो असमानता तथा खाडल विद्यमान छ। धेरै ग्रामीण महिला चरम गरिबीमा बाँचिरहेका छन्।

परम्परागत सामन्ती प्रथामा आधारित भएका कारण नेपालमा उत्पादनशिल जमिनमा सबैको न्यायपूर्ण पहुँच एक जटिल सवालको रूपमा रही आएको छ। नेपालका ५० प्रतिशतभन्दा बढी किसानहरूको स्वामित्व ०.५ हेक्टरभन्दा कम जमिनमा रहेको छ। जुन कुल कृषि भूमिको १९ प्रतिशतभन्दा कम हुन आउँछ।[७]

विश्वव्यापी कृषी तथा खाद्य सुरक्षा कार्यक्रम (जिएएफएसपि) जसमा बहुपक्षिय दाताहरूको साझा कोष खडा गरिएको छ। र यस अन्तर्गतको सार्वजनिक क्षेत्र प्रणाली अन्तर्गत नेपालले प्रस्ताव गरेको कृषि तथा खाद्य सुरक्षा आयोजनालाई सहयोग गर्दै आएको छ। यस परियोजनाले बाली तथा पशुपालनको उत्पादकत्वमा वृद्धिबाट खाद्यको पहुँचमा वृद्धि गर्ने तथा गर्भवती महिला, स्तनपान गराउने महिला तथा २ वर्षभन्दा कम उमेरका शिशुहरूमा विविध पोषण तथा सुधारिएको खानपान र सन्तुलित भोजन ग्रहणमा वृद्धि तथा अभ्यास परिवर्तनमार्फत भोजन ग्रहणमा वृद्धि गर्ने लक्ष्य लिएको छ। नेपालका ७५ जिल्लामध्ये मध्यपश्चिम तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका १९ जिल्लामा यो कार्यक्रम सञ्चालन गरिएको छ। यस परियोजनाले ५ वर्षको अवधिमा (सन् २०१३ देखि २०१७ सम्म) १९० गाउँविकास समितिका अनुमानित १५०,००० गरिब किसान, ५०,००० युवा आमा, बच्चा तथा किशोरी र २५,०० कृषि श्रमिकसहित १ लाख ६२ हजार ५ सय

1 वर्ल्ड बैंक, कन्ट्री पोभर्टी ब्रिफ, नेपाल, अक्टोवर, २०१७, http://databank.worldbank.org/data/download/poverty/B2A3A7F5-706A-4522-AF99-5B1800FA3357/9FE8B43A-5EAE-4F36-8838-E9F58200CF49/60C691C8-EADO-47BE-9C8A-B56D672A29F7/Global_POV_SP_CPB_NPL_.pdf

2 एफएओ, रिजनल ओभरभ्यू अफ फूड इनसेक्युरिटी एशिया एण्ड पेसिफिक, टुवार्ड अ फुड सिक्योर एशिया एण्ड पेशिफिक, रिजनल अफिस फर एशिया एण्ड पेशिफिक, २०१५, http://www.fao.org/3/a--i4624e.pdf

3 वर्ल्ड बैक, नेपाल एग्रीकल्चर एण्ड फूड सेक्योरिटी प्रोजेक्ट, प्रोजेक्ट इन्फर्मेशन डकुमेन्ट, कन्सेप्ट स्टेज,२०१२ः http://documents.worldbank.org/curated/en/247321468758137220/pdf/PID0Print0P128905005302012013384069828864.pdf

4 सेन्ट्रल ब्यूरो अफ स्टाटिस्टीक्स, नेपाल, नेपाल लिभीङ स्टेन्डर्ड सर्भे, २०१०-२०११, स्टाटिस्टीकल रिपोर्ट, भोल्युम २, cbs.gov.np/nada/index.php/catalog/download/745

5 एफएओ, नेपाल एट अ ग्लान्स, एफएओ इन नेपाल, http://www.fao.org/nepal/fao-in-nepal/nepal-at-a-glance/en/

6 राजेन्द्र प्रधान एण्ड आभा श्रेष्ठ, इथनिक एण्ड कास्ट डाँभर्सिटीः इम्प्लीकेशन फर डेभलपमेन्ट, वर्किङ पेपर, सेरिज नं. ४, नेपाल रेसिडेन्ट मिसन एडिबी, २००५, https://www.adb.org/sites/default /files/publication/28686/wp4.pdf

7 सेन्ट्रल ब्यूरो अफ स्टाटिस्टीक्स, नेपाल, नेपाल लिभीङ स्टेन्डर्ड सर्भे, २०१०-२०११, स्टाटिस्टीकल रिपोर्ट, भोल्युम २, cbs.gov.np/nada/index.php/catalog/download/745

## शब्दावली

| | |
|---|---|
| **AFSP** | Agriculture Food Security Project (कृषि तथा खाद्य सुरक्षा आयोजना ) |
| **CSO** | Civil Society Organization (नागरिक संगठन) |
| **DADO** | District Agriculture Development Office (जिल्ला कृषि विकास कार्यालय) |
| **FAO** | Food and Agriculture Organization of the United Nations (संयुक्त राष्ट्रसंघिय खाद्य तथा कृषि संगठन ) |
| **FCHV** | Female Community Health Volunteer (ग्रामिण महिला स्वास्थ स्वयमसेविका ) |
| **FFS** | Farmer Field School (कृषक पाठशाला) |
| **FO** | Farmer Organization (कृषक संगठन) |
| **GAFSP** | Global Agriculture and Food Security Program (विश्वव्यापी कृषी तथा खाद्य सुरक्षा कार्यक्रम) |
| **GDP** | Gross Domestic Product (कुल गार्हस्थ उत्पादन) |
| **MOAD** | Ministry of Agricultural Development (कृषी विकास मन्त्रालय) |
| **NARC** | Nepal Agricultural Research Council (नेपाल कृषी अनुसन्धान परिषद् ) |
| **NGO** | Non-Governmental Organization (गैर सरकारी संस्था) |
| **VDC** | Village Development Committee (गाउँ विकास समिति) |
| **VMF** | Village Model Farm (गाउँ नमुना फार्म) |



पश्चिम उत्तरको कालिकोट जिल्लाको तल्लो भागमा रहेको भिरालो जमिन

**फोटो सौजन्य : लोकचन्द्र थापा / एक्सन एड**

घरधुरीका जनसंख्यालाई प्रत्यक्ष पहुँच पुऱ्याउने लक्ष्य लिएको थियो।

यस परियोजनाको कुल बजेटा ५८ मिलियन अमेरिकी डलर रहेकोमा जि ए एफ एस पि बाट ४६.५ मिलियन अमेरिकी डलर सहयोग प्राप्त भएको छ। नेपाल सरकारबाट ११.५ मिलियन अमेरिकी डलर व्यहोरिएको छ। परियोजनाको सुपरिवेक्षण विश्व बैंकले गरिरहेको छ भने संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनले प्राविधिक सहयोग प्रदान गरेको छ। यस परियोजनालाई कृषि विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय तथा पशुपंक्षी विकास मन्त्रालयले संयुक्त रूपमा कार्यान्वयन गरेको छ।

एएफएसपि परियोजनाकोसमग्र लक्ष्य पूरा गर्नका लागि एक आपसमा आश्रित चार वटा सम्भागहरू रहेका छन।

| सम्भाग | सहायक सम्भाग | अपेक्षित उपलब्धि |
|---|---|---|
| १. प्राविधि विकास तथा अनुकूलन | क. कृषि बाली उत्पादनमा सुधारिएको प्रविधिको विकास<br>ख. पशुपक्षी उत्पादनमा सुधारिएको प्रविधिको विकास | अन्नबाली तथा पशुपक्षीको उत्पादकत्वमा वृद्धि तथा आयोजना क्षेत्रका कृषकको व्यवस्थापकीय अभ्यासमा सुधार भएको हुनेछ। |
| २. प्रविधि प्रसार तथा अवलम्बन | क. अन्नबाली उत्पादनका लागि सहयोग<br>ख. पशुपक्षी उत्पादनका लागि सहयोग<br>ग. प्रसारित सेवाहरूको संस्थागत विकास | बाली विविधिकरण र पशुपक्षीमा नश्ल सुधार भई दुवै विधामा व्यवस्थापकीय अभ्यासमा सुधार तथा खेती समयमा उपलब्ध पानीको व्यवस्थापन र उत्पादन समय र त्यसपछिको अवस्था सुधारमा सहयोग हुने छ। |
| ३. खाद्य तथा पोषण स्थितिमा सुधार | क. लक्षित घरधुरीमा खाद्य उपलब्धता वृद्धि गर्ने तथा मौसमी खाद्य असुरक्षाको अन्त्य गर्ने<br>ख. कृषक समूहलाई पोषण शिक्षा तथा आनीबानी परिवर्तनमार्फत खानपान तथा स्याहारका अभ्यासहरू सुधार गर्ने<br>ग. पोषण प्रयोगशालालाई उपकरणद्वारा सुसज्जित गरी विस्तारित कार्यक्रमका अगुवा कार्यकर्तालाई पोषण कार्यक्रम लागू गरी क्षमता विकास गर्ने। | गर्भवती महिला, स्तनपान गराउन आमा तथा ६ देखि २४ महिनासम्मका बालबालिकाका लागि घरायसी तहमा खाद्य उपलब्धतामा वृद्धि, खानपानका तौरतरिकामा सुधार गरी हेरचाह गर्ने अभ्यासमा सुधार हुने छ। |
| ४. आयोजना ब्यवस्थापन | क. आयोजनाको डिजाइन तथा विकसित उद्देश्यसँग तालमेल हुने गरी उपयुक्त योजना तथा समन्वयात्मक क्रियाकलापहरूको कार्यान्वयन<br>ख. संस्थागत ब्यवस्थापन तथा कार्यक्रम कार्यान्वयन वित्तीय तथा सुरक्षा नीति, निर्देशिका र स्तरसँग समन्वयात्मक रूपमा गर्ने।<br>ग. आयोजना कार्यान्वयनबाट प्राप्त नतिजा तथा परिणामहरूको आदानप्रदान नियमित गर्ने, नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने। | संस्थागत व्यवस्था, समन्वय तथा सवलीकरणमार्फत प्रभावकारी रूपमा आयोजनाको व्यवस्थापन भएको हुने छ। |

## अध्ययनको क्षेत्र

एसियाका उत्तरी तथा दक्षिण क्षेत्रका नागरिक संगठनको प्रतिनिधित्व हुने गरी एक्सन एड र दिगो विकासका लागि एसियाली कृषक संगठन (ए एफ ए) दुवै जीएएफएसपीका सदस्य रहेका छन् । उनीहरूले खासगरी सानास्तरका अन्न उत्पादक, महिला उत्पादक, तथा नागरिक संगठनहरूको सहभागिता र सक्रियता तथा जलवायु अनुकूलनमा लक्षित भई यस एएफएसपी आयोजनाको कार्यान्वयनबाट भएका सफलता तथा सिकाइहरू समेटिने गरी एक अध्ययन टोली गठन गरे । यद्यपि महिला सशक्तीकरण र वातावरण अनुकूलन ए एफ एस पीका स्पष्ट उद्देश्य होइनन् तापनि दीर्घकालीन रूपमा खाद्य सुरक्षामा वृद्धि गर्न तथा गरिबी कम गर्ने सफल प्रयासका लागि यस्ता लक्ष्यहरू प्रवेश ढोकाको रूपमा रहन सक्ने कुरामा पनि एक्सन एड र एएफए विश्वास राख्छन् ।

यो प्रतिवेदन सान्दर्भिक प्रतिवेदनको डेस्क रिभ्यु, लक्षित समूह छलफल, व्यक्तिगत अन्तर्वार्ता, अवलोकन, स्थलगत भ्रमणबाट प्राप्त तथ्यहरूलाई सम्बन्धित सरोकारवालाबाट बैधता परीक्षण गर्ने जस्ता क्रियाकलापहरू समावेश गरिएको अनुसन्धानमा आधारित छ । यो अनुसन्धान गर्ने क्षेत्रको छनौट जी ए एफ एस पीको आयोजना व्यवस्थापन इकाइसँग परामर्श गरी दुर्गमता, सामाजिक तथा आर्थिक विकासमा उनीहरूको पहुँच र सेवाको पहुँचका आधारमा गरिएको थियो । यो अध्ययनका क्रममा मध्यपश्चिमका ३ वटा जिल्ला (जुम्ला, कालिकोट र सुर्खेत) र सुदूरपश्चिम क्षेत्रका २ जिल्ला (डोटी र डडेलधुरा) को भ्रमण गरी लक्षित समूह (कृषक पाठशाला, गाउँ नमुना फार्म) का १०७ जना महिला कृषक तथा २५ पुरुष कृषक गरी जम्मा १३२ कृषकसँग बैठक तथा छलफल गरिएको थियो । कृषक, सरकारी अधिकारी, आयोजना सहजकर्ता, प्राविधिक, गैससका कर्मचारी, राष्ट्रियस्तरका एएफएसपीका कर्मचारी (संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन तथा कृषि विकास मन्त्रालय) र स्थानीय, क्षेत्रीय तथा राष्ट्रियस्तरका उत्पादक संस्थाका प्रतिनिधिहरूसँग अन्तर्वार्तासमेत गरिएको थियो ।

## आयोजना कार्यान्वयका प्राप्त मुख्य तथ्यहरू

एएफएसपी, महिला लक्षित कार्यक्रममार्फत अधिकारविहीन समुदायका घरधुरीमा सफलतापूर्वक पुगेको छ । यसले कृषि तथा जीविकोपार्जनमा सहयोग गरी कृषि तथा पशुपालन र पोषण सुरक्षा प्रवर्द्धनमा धेरै नै सकारात्मक परिवर्तन ल्याएको छ । राष्ट्रिय निर्देशक समितिमा कृषक संगठनका प्रतिनिधिको सहभागिता रहेको छ । जिल्लास्तरीय गैससहरू कार्यान्वयनमा संलग्न रहेका थिए भने कृषक संगठन आयोजना अनुगमनमा संलग्न भएका थिए । जीएएफएसपीको सहयोग अन्त्य भएपश्चात् आयोजना दीर्घकालीन रूपमा दिगो हुन्छ वा हुन्न भन्ने कुरा चाहिँ स्थानीयस्तरका कृषक समूहको सक्रियता र निरन्तरता, प्रविधिको प्रयोगको निरन्तरता तथा महँगो लगानीमा उत्पादन हुने विभिन्न जाति प्रजाति तथा नश्ल सुधारहरूको निरन्तरतामा भर पर्छ ।

## १. के यो आयोजना सानास्तरका खाद्यान्न उत्पादकहरूमा लक्षित थियो ?

एएफएसपी मध्य र सुदूरपश्चिम विकास क्षेत्रका १९ जिल्लामा लक्षित छ । यसले गरिबी र भोकमरीबाट अति प्रभावित २ वटा दुर्गम र हिमाली अञ्चलहरू समेटेको छ । राष्ट्रिय गरिबीको दर २५ प्रतिशत हुँदा ती अञ्चलहरूको गरिबीदर क्रमश ४५ र ४६ रहेको छ । ती क्षेत्रको कृषियोग्य जमिनको स्वामित्व देशकै न्यून रहेको छ ।

सेवाग्राहीको छनौट गर्दा आयोजना कार्यान्वयन गर्ने स्थानीय गैरसरकारी संस्था तथा सरकारी कार्यालयका कर्मचारीले लिंग, जात, सम्प्रदाय, अपांगता, दुर्गमता, स्वास्थ्य अवस्था र शिक्षाको स्तर जस्ता विविध सवालहरूलाई आधार मानेर अति सीमान्तकृत घरधुरीको छनौट गरिएको थियो ।

*कालिकोट जिल्लामा छनौट भएका १० गाविसमध्ये ५ वटा अति वञ्चितीकरणमा परेका गाविस थिए । गाविसहरूको वर्गीकरण सामाजिक (स्वास्थ्य, शिक्षा र लिंग), आर्थिक र जातिगत भेदभावको तह, गरिब घरधुरी, दुर्गम घरधुरी, शारीरिक रूपमा अपाङ्गता भएका व्यक्ति, एकल महिला र बहुविवाहका कारण वञ्चितीकरणमा परेका महिला आदि अवस्था हेरी गरिएको थियो । – -रवीन्द्र शाही, एएफएसपीको साझेदार स्थानीय गैसस आरडीएनका अध्यक्ष ।*

आयोजना गरिबीले आक्रान्त दुर्गम जिल्लाहरूका अति सीमान्तकृत महिला तथा सानास्तरका उत्पादकहरूमा सफलतापूर्वक पुगेको छ। आयोजनाका केही स्थानमा त अधिकांश घरधुरीमा १ वर्षमा ३ महिनाका लागि मात्र पुग्ने अन्न उत्पादन हुन्थ्यो र अधिकांश पुरुष कामका लागि गाउँ बाहिर अथवा विदेश जाने गर्थे । कार्यक्रम कार्यान्वयनका लागि जिल्लाको गैससको छनौट गरिसकेपछि सो गैससले सहभागीहरूको छनौट गर्दा जिल्लामा भौगोलिक रूपमा विकट, सीमान्तकृत जाति समूह, खासगरी दलित, जनजाति, एकल महिला र शारीरिक रूपमा अपांगता भएका व्यक्तिको छनौट गरेको थियो ।

केही स्थानहरूमा त दलित समुदाय कृषि पेशामा संलग्न नहुने भएको हुँदा त्यो समुदायबाट कृषिमा आधारित गतिविधिमा सहभागिता गराउन एकदमै चुनौतीपूर्ण भएको थियो । यद्यपि तरकारी उत्पादन, तथा पशुपक्षी विकासका गतिविधिहरूमा सहयोग, कृषक समूहलाई लघु अनुदान र सुनौला हजार दिन कार्यक्रमको पोषण शिक्षा अभियानमार्फत स्वास्थ्य र पोषणका क्रियाकलापहरू सञ्चालन गरेपश्चात यो कार्यक्रमले दलित समुदायका निकै नै महिलालाई कार्यक्रममा सहभागिताका लागि समर्थ बनाएको थियो ।[८]

*"सबैभदा ठूलो चुनौती भनेको समुदायका दलित महिलालाई परिचालित गर्नु थियो । उनीहरूको आफ्नै जग्गाजमिन त थिएन नै र कृषिजन्य उत्पादन पनि बिरलै गर्ने गर्थे । हाम्रा आयोजनाका सहजकर्ताले उनीहरूको उत्साहलाई सशक्त बनाउँदै उनीहरूलाई आमा स्वास्थ्य समूहमा ल्याउने तथा उनीहरूका बच्चालाई स्वास्थ्यवर्द्धक र पौष्टिक खानेकुरा बनाउने कार्यमा सहभागी हुन उत्प्रेरित गर्न सफल भए" – रवीन्द्र शाही, एएफएसपीको साझेदार स्थानीय गैसस आरडीएएनका अध्यक्ष ।*

सीमान्तीकृत जाति तथा जातिगत समूहलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको भए तापनि गैसस तथा आयोजना सञ्चालन गर्ने कर्मचारीलाई उचित अनुपातमा ती समूहको प्रतिनिधित्व गराउन धेरै नै गाह्रो परेको थियो । प्रत्येक समुदायमा तल्लो जात भनिएका तथा भूमिहीनहरूको संख्या नै कम रहेको तथा समाजको शक्ति सन्तुलनका कारण पनि सधैँभरि ती समुदायहरूलाई कार्यक्रममा समावेश गर्न असम्भव रह्यो ।

*"हामीले छतिवन गाविसका महिला, दलित र जनजातिहरूलाई कार्यक्रममा लक्षित गरेता पनि गैरदलित समुदायका वञ्चितीकरणमा परेका तथा गरिबहरूलाई पनि छनौट गरेका थियौं । साँच्चै नै बहुसंख्यक दलित, जनजाति र महिलालाई समूहमा ल्याउने हाम्रो प्रयास भएता पनि नमुना गाउँ कृषक समूहमा ४ जना जनजाति, ७ जना दलित र १४ जना गैरदलित महिलाको प्रतिनिधित्व छ ।" – गंगा मल्ल, ग्रामीण महिला स्वास्थ्य स्वयम्सेविका, छतिवन, डोटी*

समग्रमा यो आयोजनाका क्रियाकलापहरू छनौट गरिएका क्षेत्रका समुदायका केही अति संवेदनशील ब्यक्तिमा पहुँच पुऱ्याउन सफल रहे । यद्यपि केही क्रियाकलापहरू सुधारिएको लगानी (सुधारिएको बीउ, बाख्राको नयाँ नश्ल) ती क्रियाकलापहरूको दिगोपनाका लागि उच्च लगानी तथा खर्चका कारण गरिब कृषकहरूका लागि दिगो नहुन सक्छन् ।

8 सुनौला हजार दिन सार्वजानिक जनचेतना अभियानको लागि नेपाल सरकार (राष्ट्रिय योजना आयोग, स्वास्थ्य मन्त्रालय/राष्ट्रिय स्थास्थ्य शिक्षा तथा सूचना केन्द्र), युरोपियन युनियन र संयुक्त राष्ट्रसंघीय वालकोषद्धारा नेपालमा महिला तथा वालवालिकाको पोषण सुधारका लागि सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम सन् २०१६ मा शुरू भएको थियो । http://www.nnfsp.gov.np/PublicationFiles/ a9ac005c-e1c7-4492-964f-358b54731006.pdf

## २. साना खाद्य उत्पादकसम्म परियोजना कसरी पुगेका छन् ?

### क. कृषि उत्पादनमा वृद्धि

कृषकहरूका अनुसार नयाँ कृषिजन्य गतिविधिहरू सुरु गर्नका लागि उनीहरूमा गरिएको लगानी तथा प्राविधिक सहयोगका कारण उनीहरूको उत्पादन बढेको छ। उदाहरणका लागि कृषिजन्य गतिविधिहरूका लागि तालिमसँगै कृषकहरूलाई प्रदान गरिएको बीउ तथा प्लाष्टिकका सिटहरू, उत्पादनको स्तरोन्नतिका लागि प्रदान गरिएको लघु अनुदान तथा सिकाइएको पद्धतिका कारण जाडो मौसममा पनि कृषकहरू बेमौसमी तरकारी खेती गर्न सक्षम भए। प्लाष्टिकका टनेलहरूबिना यो कुरा सम्भव थिएन। पशुपालनका लागि कृषकहरूलाई प्रदान गरिएको प्राविधिक सहयोग र लघु अनुदानका कारण कृषकलाई कुखुरा, अण्डा तथा बाख्रा उत्पादनका लागि सहयोग पुग्यो।

कालिकोट जिल्लाको लगनशील कृषक पाठशाला समूहले नयाँ उपकरण, नयाँ प्रविधि र सुधारिएको बीउको प्रयोगमार्फत अन्न उत्पादन तथा सञ्चितीमा वृद्धि गरी अन्न उत्पादन र सञ्चितीमा विविधीकरणसमेत गरेका थिए। सर्वप्रथम कृषकहरूलाई आलुको नयाँ प्रजाति उपलव्ध गराएका थिए र त्यसपछि एएफएसपी कार्यक्रमले जाडो याममा प्लाष्टिकका टनेलमा बेमौसमी तरकारी (टमाटर, मूला, फूलकोपी, काँक्रा, फर्सी आदि) उत्पादनका लागि लघु अनुदान प्रदान गरेको थियो।

> *"हिमपात भएका समयमा पनि हामीहरू तरकारी उत्पादन गर्न सक्छौँ। अब हामीलाई जाडो यामले पनि हरिया तरकारी खान रोक्न सक्दैन। हामीले तरकारी उत्पादन गरिरहँदा महिला पनि कुखुरा, अण्डा र मासु उत्पादन गरिरहेका हुन्छन्। खाद्य सुरक्षाका लागि हामीलाई यो पर्याप्त हो।" – खिमलाल, अध्यक्ष, लगनशील कृषक पाठशाला समूह, वार्ड नं. ७, फुई महादेव, कालिकोट।*

### ख. सुधारिएको उत्पादन प्रविधिमा पहुँच

एएफएसपीका गतिविधिले कृषक समूहलाई औजार, प्राविधिक तालिम प्रदान, सञ्जाल निर्माण गरी उनीहरूको अन्नबाली उत्पादन तथा पशुपालनको उत्पादन बढाउन लगानी गर्ने कार्यमा पर्याप्त मात्रामा ध्यान दिएको छ। आयोजनाले सहयोग गरेका कृषकहरूले उन्नत बीउ तथा बाख्रा र कुखुराका नश्लमा सुधार गरी स्थानीय बजारबाट राम्रो मूल्य पाउन सफल भएका छन्। उनीहरू हिउँदमा पनि प्लाष्टिकका टनेलमा बेमौसमी तरकारी उत्पादन गर्न सफल भए र नयाँ प्रजातिहरूको प्रयोग गरी गहुँ र आलुको उत्पादनसमेत वृद्धि गरे। केही कृषकहरूलाई आलु र गहुँका उन्नत प्रजातिका बीउ उत्पादक बन्नसमेत सहयोग भयो। उन्नत प्रजातिका बीउहरूको नेपाल कृषि अनुसन्धान परिषद्ले स्थानीय रूपमा परीक्षण गरेको थियो।

> *"जिल्ला कृषि विकास कार्यालयले परीक्षणका लागि मलाई १२ किलो गहुँको बीउ (डब्लुके १२०० प्रजाति) निःशुल्क रूपमा प्रदान गर्‍यो। मैले २ केजी बीउ आफैँ छरेँ र बाँकी २५ जना किसानलाई वितरण गरेँ। मैले १.५ टन गहुँको बीउ उत्पादन गरेँ र अरू कृषकलाई वितरण गर्नका लागि जिल्ला कृषि विकास कार्यालयमा पठाएँ। यो प्रजातिले दुई गुणा बढी उत्पादन दिने र बढी पानी पनि नचाहिने रहेछ।" – ज्ञानराज न्यौपाने, अध्यक्ष, चिमरा मालिका बीउ उत्पादक कृषक समूह, गोठीचौर जुम्ला।*

आयोजनाले नयाँ प्रविधिको सुरुवातसँगै जोडिएका सकारात्मक परिवर्तन ल्याउनुबाहेक सानास्तरका अन्न उत्पादकलाई सुधारिएको बीउ वितरण गर्ने पद्धति तथा प्रभावको दिगोपनाका सम्बन्धमा भने केही सवालहरू छन्। नयाँ बीउका प्रजाति तथा बाख्राका नयाँ नश्लहरूको अवलम्बन तथा प्रवर्द्धन गर्ने कार्यको निर्णयमा सीमित रूपमा मात्र कृषकका विचार समेटी पूर्णरूपमा राष्ट्रिय कृषि अनुसन्धान परिषद् र जिल्ला कृषि विकास कार्यालयबाट निर्देशित देखिन्छन्। आयोजनाको लगानी समाप्ति भएपश्चात् पनि दिगो र निरन्तर सफलता मुख्यरूपमा अन्न तथा पशुपक्षीका नयाँ जाति तथा प्रजातिहरूको निरन्तर प्रयोगका लागि सञ्चालन खर्च र प्राविधिक सहयोग कति चाहिन्छ भन्ने कुरामा निर्भर रहन्छ। अहिलेसम्म जिल्ला कृषि विकास कार्यालयले निःशुल्क रूपमा बीउ दिइरहेको छ तर साना स्तरका अन्न उत्पादकहरूलाई यो चिन्ता छ कि, भविष्यमा





उनीहरू निजी रूपमा सञ्चालित कृषि उत्पादन कम्पनीमा भर पर्नु पर्ने छ। स्थानीय तहमा ग्रहण तथा चालू खर्चको सम्बन्धमा अझैसम्म अन्योल रहेका कारण महँगा तथा गैरस्थानीय बाख्राका प्रजातिहरूको उत्पादन लामो समयसम्म कतिको दिगो रहन्छ भन्ने प्रश्न पनि केही पक्षको रहेको छ।

*"आयोजनाले स्थानीयस्तरमा सुहाउने बाख्राहरूकै प्रवर्द्धन गर्नुपर्थ्यो जसलाई खुवाउन पनि सजिलो हुनथ्यो र तिनीहरूमा स्थानीय वातावरण प्रतिरोधी क्षमता पनि हुन्थ्यो। बोएर जातिका बाख्राको उपचार असम्भव हुनसक्छ जब कि उन्नत स्थानीय खसीबाख्राको उपचार गर्न धेरै नै सहज छ।" – डा. केशव खड्का, प्रतिनिधि, अखिल नेपाल कृषक महासंघ, एएफएसपी निर्देशक समितिमा उत्पादक संस्थाका प्रतिनिधि।*

मुनकला बुढाले प्लाष्टिकको टनेलभित्र रायोको सागलगायत अन्य हरिया तरकारीको उत्पादन गरिन, जसका कारण कठोर हिउँदमा पनि त्यहाँ पौष्टिक खाना उपलब्ध छ।

**फोटो सौजन्य : लोकचन्द्र थापा/ एक्सन एड**

## ग. आम्दानीमा वृद्धि

सामान्यतया किसानहरूले तरकारी, कुखुरा, अण्डा र खसीबाख्रा बेचबिखन गर्न सक्षम भई उनीहरूको आम्दानी बढेको, घरायसी रूपमा खपतमा सुधार भएको र आयोजनाको समाप्तिपश्चात् पनि यो कार्यको निरन्तरताका लागि उनीहरू अभिप्रेरित भएको देखिन्छ। धेरै कृषकका लागि त आलुबाहेकका अन्य तरकारी बेचेर पैसा कमाउने पहिलो अनुभव पनि थियो। बढी उत्पादकत्व भएका कुखुरा तथा बाख्राको प्रजातिहरूबाट पनि उनीहरूले बाख्राका पाठा तथा कुखुराका चल्ला बेच्न सके, जसका कारण उनीहरूको आम्दानीमा थप वृद्धि भयो। कालिकोट जिल्लाको शिखयेमा त कृषक पाठशाला समूहले नमुना कुखुरापालन फार्मनै स्थापना गरेका छन्। उन्नत कुखुराको प्रजातिको सुरुवातका लागि प्राविधिक सहयोग र थप अनुदान दिएकोमा एएफएसपीलाई धन्यवाद छ। अहिले क्रियाशील महिला कृषक समूहले त क्रस गरी उत्पादन गरिएका कुखुरा रु. १००० देखि २,५०० सम्ममा बेच्छन् जब कि स्थानीय कुखुरालाई ५०० रूपैयाँमात्रै पर्छ।



*"मैले मेरो एक बाख्रालाई बोएर जातको बोकासँग क्रस गराएँ र त्यो बाख्राले ६ महिनाको अन्तरालमा १० वटा पाठापाठी जन्मायो। मैले १८ महिनाको अवधिमा २ लाख रूपैयाँ कमाएँ। मैले खेतिपातीका लागि केही जग्गा पनि किनेकी छु र बोएरको क्रस जातिको बाख्राको उत्पादन पनि निरन्तर गरिरहेकी छु।" – खिमा, सदस्य, कृषक पाठशाला समूह, डोटी*

हस्तीमायाँ बिर्कट्टा मगरका अनुसार बोएर प्रजातिका बाख्राले स्थानीय बाख्राभन्दा ३ गुणा बढी नाफा दिन्छ।

**फोटो सौजन्य : लोकचन्द्र थापा/ एक्सन एड**

स्थलगत अनुसन्धानमा के देखियो भने, महिलाहरू बढी उत्पादन भएको बाली तथा पशुपक्षीहरूको सञ्चिती बढाई घरमा नै थप खपत गर्न चाहन्थे भने पुरुषहरूको प्राथमिकता भने त्यसलाई बेच्नमा रहेछ। केही स्थानहरूमा बजारसम्मको दूरीले बढी उत्पादन भएको कृषिजन्य उत्पादनको बिक्री गरी आम्दानी बढाउने सम्भावनाहरूलाई सीमित पारिदिएको छ।

एएफएसपीले सानास्तरमा अन्न उत्पादकहरूलाई जीविकोपार्जनको विकासका लागि सफलतापूर्वक सहयोग गरिरहेको भएता पनि बढेको आम्दानीको वितरण तथा यसको दिगोपनाका सम्बन्धमा केही सवालहरू भने उत्पन्न भएका छन्। अब यो हेर्न' छ कि, सानास्तरका उत्पादकले लामो समयसम्मका लागि बढी लगानी गर्नुपर्ने उन्नत जाति र प्रजातिका लागि अतिरिक्त उत्पादन लागत (औषधि, प्लाष्टिक, बीउ) धान्न इच्छुक र सक्षम हुन्छन् कि हुन्नन् साथै आयोजनाले उत्पादन गरेका बोएर जातिका बाख्राको बजारको सम्भावना आयोजना समाप्त भएपश्चात दिगो हुन्छ कि हुन्न ?

*"पहिले म मेरा बच्चाका लागि केही पनि पैसा खर्च गर्न सक्दिनथेँ। मलाई घर खर्च धानेर बचत गर्न एकदमै मुस्किल थियो। तर अहिले म र मेरो श्रीमान् दुवैजना प्रत्येक महिना बचत गर्छौं। हामी अहिले हाम्रा छोराछोरीको शिक्षा र स्वास्थ्यमा खर्च गर्छौं र बाँकी भएको पैसा बचेको छ।" – कौशिला थापा, कोषाध्यक्ष, समृद्धि कृषि सहकारी।*

## घ. खाद्य सुरक्षा र पोषण सुधार

कृषि र पोषणबीच एकीकृत समन्वयद्वारा सकारात्मक व्यवहार परिवर्तन गरी पोषण सुरक्षामा सहयोग गर्नु यो आयोजनाको एउटा मुख्य सफलता हो। कृषि विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र पशुपक्षी विकास मन्त्रालयबीचको समन्वय तथा



तातोपानीका महिलाहरूले नयाँ जातका बाली उत्पादन सम्बन्धी तालिम पाएका छन्।

**फोटो सौजन्य : लोकचन्द्र थापा/ एक्सन एड**

ग्रामीण महिला स्वास्थ्य स्वयम्सेविका, गाउँ नमुना फार्महरूले स्तनपान, मातृशिशु स्वास्थ्य, बालबालिकालाई खुवाउने तरिकालगायतका विषयमा मुख्य पोषण सन्देश प्रदान गरेका थिए भने घरायसी तहमा विविध खाद्य उत्पादनका सम्बन्धमा प्राविधिक ज्ञान, उपकरण तथा बीउहरू प्रदान गरिएका थिए।

*"पोषणका अतिरिक्त एएफएसपीले महिलाको कार्यबोझ घटाई उनीहरूका बच्चाको स्याहारमा समय लगाउने, पौष्टिक आहार तयारी गर्ने र सरसफाइ तथा स्वच्छता कायम गर्ने कुरामा पनि सहयोग गरेको थियो। यसले कृषि तथा पशुपालनमा लगानी तथा सेवामार्फत खाद्य सुरक्षासमेत प्रवर्द्धन गरेको छ।" – डा. कौशिला अली, जिल्ला जनस्वास्थ्य कार्यालय, कालिकोट जिल्ला*

आयोजना कार्यान्वयन हुनुअघि ग्रामीण महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई धेरैजसो तालिम तथा स्वास्थ्य कीटहरूमार्फत सहयोग गरिन्थ्यो। कृषकहरूले बढी लगानी (बीउ, चल्ला, कुखुराको खोर बनाउने अनुदान, कृषि र पशुपालनमा तालिम) पाएपछि कृषकमा उत्साह बढ्यो र उनीहरूलाई समुदायमा नमुना बन्नका लागि वैधता भयो। गाउँ नमुना फार्मबाट आयोजनाले लक्षित गरेका कलिला बालबालिकाका आमाहरूमात्र लाभान्वित भएनन् कि अन्य महिला पनि उनीहरूको पोषण आनीबानी तथा व्यवहार परिवर्तन गर्न इच्छुक भए। केही गाविसहरूमा बाल मृत्युदरसमेत घटेबाट आमा र बच्चाको स्वास्थ्यमा आएको परिवर्तन प्रत्यक्ष रूपमा देख्न सकिन्छ।

*"पहिले हाम्रा आमाहरू बच्चालाई असर गर्छ र पेट दुख्छ भन्ने सोचेर आफ्नो दुध खान दिँदैनथे। तर अहिले ती आमाले कसरी आमाको दुध बच्चाहरूका लागि पोषिलो हुन्छ र किन आमाको दुध नै खुवाउनुपर्छ भन्नेबारेमा मेरो सल्लाह सुनेका छन्। स्वास्थ्य कार्यालयका कर्मचारीले अहिले आमाहरूलाई माछा, मासु र हरियो खानेकुरा खुवाउनुपर्छ भनेर सिकाउँछन्।" – जुनकली शाही, ग्रामीण महिला स्वास्थ्य स्वयम्सेविका*

## ङ. स्थानीय कृषक समूहहरूको सवलीकरण

एएफएसपीले आमा र बच्चाको पोषण अवस्थामा सुधार ल्याउने स्वास्थ्यमा नविनतम् परिवर्तन ल्याउने लक्ष्यका साथ पहिले रहेका आमा समूहहरूलाई गाउँ नमुना फार्ममा रूपान्तरण गरेको हो। यसले कृषक पाठशालाको स्थापना गर्न सहयोग गर्दै सामूहिक रूपमा कृषकहरूलाई तालिम प्रदान गर्ने तथा परीक्षण गर्ने कार्य गरिएको थियो। केही ठाउँहरूमा नयाँ कृषक समूहहरू पनि गठन गरिएका थिए। यो तरिकाको सेवा प्रवाहको रणनीतिले कृषक पाठशाला तथा नमुना गाउँ कृषक समूहको

माध्यमबाट कृषकहरूको सामूहिक प्रयासलाई सफलतापूर्वक सवलीकरण गऱ्यो । गाउँ नमुना फार्ममा महिलाले पोषण व्यवहारका बारेमा मात्र सिकेनन् कि सामूहिक रूपमा पैसाको बचत पनि गर्न थाले । कृषक पाठशाला तथा गाउँ नमुना फार्ममा कृषकहरूले एएफएसपीले प्रदान गरेको सानो अनुदानलाई संगठित रूपमा कृषि तथा पशुपालनको स्तरोन्नतिका लागि समेत प्रयोग गर्न थाले । गाउँ नमुना फार्म तथा कृषक पाठशालाको यो पद्धति कृषकहरूको परिचालन, प्राविधिक सहयोग, जनचेतना अभिवृद्धि तथा अन्य सहयोगमा सफल रह्यो । यद्यपि यो आयोजनाले प्रदान गर्ने सेवा तथा सुविधाहरू अन्त्य भएपछि कृषक समूहहरूको स्वायत्तता तथा सवलीकरण भविष्यमा कत्तिको दिगो रहन्छ, त्यो भने हेर्न बाँकी नै छ । यो आयोजनाले कृषकहरूको प्रतिनिधित्व (तल हेर्नुहोला) का लागि स्थान दियो तर कृषक समूहहरूलाई थप सहयोगमार्फत अझ सवलीकरण गर्दै आयोजनाका सबै तह (खासगरी जिल्ला तह जहाँ आयोजनाको व्यवस्थापनका सम्बन्धमा पर्याप्त कार्य हुन्छ) मा प्रभावकारी प्रतिनिधित्वको सुनिश्चितता गर्दै दबाब सिर्जना गर्न सकिन्थ्यो ।

> *"हामीले अहिले पनि कृषकहरूलाई परम्परागत रूपमा सेवाग्राहीको रूपमा मात्र लिएर कार्यान्वयनमा मात्र समावेश गऱ्यौं ।" – चन्द्रबहादुर बुढा, बाली संरक्षण अधिकृत, जुम्ला फोकल व्यक्ति, एएफएसपी*

## ३. आयोजनाले कसरी साना स्तरका खाद्य उत्पादक, कृषक संगठन र नागरिक संगठनहरूलाई संलग्न गरायो ?

### क. साना स्तरका खाद्य उत्पादक (विशेषगरी महिला) को सहभागिता र संलग्नता

एएफएसपी आयोजनाको योजना चरणमा सानास्तरका उत्पादकहरूको प्रतिनिधित्व मुख्य रूपमा क्षेत्रीय र राष्ट्रियस्तरका कृषक प्रतिनिधिहरूले गर्ने गर्थे । परामर्श गोष्ठीहरू क्षेत्रीय स्तरमा र स्थानहरूमा हुन्थे र समयको सीमितता तथा भौगालिक दुर्गमताका कारण अधिकांश सहभागीहरू सो क्षेत्रका मुख्य शहरबाट नै हुन्थे र दुर्गम स्थानहरूबाट ज्यादै न्यून संख्यामा सहभागी आउँथे । अन्तर्वार्ता लिइएका कृषकहरूका अनुसार ती परामर्श गोष्ठीहरूमा स्थानीय परम्परागत खाद्यान्नसम्बन्धी ज्ञान र व्यवहार सम्बन्धमा गहिरो आदानप्रदान पनि हुँदैनथ्यो र आयोजनासम्बन्धी निर्णयमा पनि सधैँभरि कृषकहरूका चासो र ज्ञानहरूलाई समेटिँदैनथ्यो ।

आयोजना कार्यान्वयनको तहमा स्थानीय गैससका कार्यक्रम कार्यान्वयन प्रमुखले कार्यक्रमका सहभागी छनौट गर्नेलगायतका आयोजनाका विषयमा कृषकहरूसँग परामर्श लिए । उनीहरू गाउँ नमुना फार्म तथा कृषक पाठशाला समूहमा पनि परिचालित हुन थाले । स्थलगत अनुसन्धानबाट के देखिन्छ भने त्यहाँका महिला तथा पुरुषहरू गाउँ नमुना फार्म तथा कृषक पाठशाला समूहमा उनीहरूको सहभागिताप्रति सन्तुष्ट छन् । सबै तहका क्रियाकलापहरूमा महिला तथा पुरुषको समान सहभागितामार्फत आर्थिक सहयोगका लागि प्रस्ताव पत्र तयार पार्ने निर्णय हुन्छ । उनीहरूले सामूहिक रूपमा निर्णय गरी गैससका सहजकर्ता तथा कृषि, पशुसेवा तथा स्वास्थ्य कार्यालयका प्राविधिकहरूको सुझाव तथा सल्लाहमा आफैँ कार्यक्रम कार्यान्वयन गरेका छन् ।

दुईजना कृषक (एक महिला र एक पुरुष) आयोजनाको जिल्ला वातावरण तथा सामाजिक व्यवस्थापन समितिमा समेत सहभागी छन् । आयोजनाको व्यवस्थापनले आयोजनाको अनुगमनमा महिला तथा पुरुष कृषकलाई समावेश गरेको थियो । यद्यपि औपचारिक रूपमा यसको कार्यान्वयन एकदमै कम मात्रामा भयो । आयोजनाप्रति उनीहरूको अपनत्व र प्रभाव बढाउन तथा आयोजनाको दिगोपनाका लागि कृषकहरूसँगको परामर्श बढाइ आयोजनाको व्यवस्थापनमा कृषकहरूका धारणालाई स्थान दिने कार्यलाई थप सुदृढ बनाउन सकिन्छ । उदाहरणका लागि के देखियो भने आयोजनाले कुन जाति तथा प्रजातिको अन्न उत्पादन तथा नश्ल सुधार गर्ने भन्ने कुराको निर्णय प्रक्रियामा सेवाग्राहीको कुनै भूमिका नभई उनीहरूलाई उन्नत भनेर सामान दिने काममात्र भयो ।



## ख. कृषक तथा नागरिक संगठनहरूको संलग्नता र सहभागिता

एएफएसपीको कार्यान्वयन गर्ने मुख्य साझेदारको रूपमा स्थानीय गैससको भूमिकाको सबै पक्षहरूले प्रशंसा गरेका छन् । आयोजनाको तर्फबाट उनीहरू अति वञ्चितीमा परेका समूहमा पुगी क्रियाकलाप सम्पन्न गरेको तथा सेवा प्रवाह गर्ने कुरामा सक्षम ठानिएको छ। कार्यक्रम कार्यान्वयनका लागि कृषि विकास मन्त्रालयले समन्वय गरे तापनि एएफएसपीको व्यावहारिक रूपमा कार्यान्वयन भने जिल्ला तहमा गैससहरूले नै गरेका थिए।

कृषक प्रतिनिधिहरूलाई आयोजनाका राष्ट्रिय तथा जिल्ला दुवै तहमा संगठित गरिएको थियो । एकजना कृषक प्रतिनिधि एएफएसपीको राष्ट्रिय निर्देशक समितिमा छन् भने एकजना महिला कृषक तथा एकजना पुरुष कृषक जिल्ला तहको समन्वय बैठक तथा अनुगमन भ्रमणमा आमन्त्रित गरिन्छन् । यद्यपि एएफएसपीले गैरसरकारी संस्था तथा उत्पादक संस्थालाई रणनीतिक साझेदार वा समुदाय सशक्तीकरणका सहयोगीभन्दा पनि आयोजनाको कार्यान्वयनका साझेदारको रूपमा मात्र लिएको देखिन्छ। बाह्य अवलोकनकर्ता र राष्ट्रिय तहका कृषक प्रतिनिधिहरूले कृषकहरूलाई आयोजनाको रणनीतिक निर्णय लिने प्रक्रियामा पर्याप्त रूपमा सहभागी नगरेको भनी टिप्पणी गरेका छन् ।

*"सुरुवाती चरणमा मलाई सञ्चालन समितिको बैठक तथा अन्य प्रमुख बैठकहरूमा बोलाउनुको सट्टा राष्ट्रिय आयोजना निर्देशकले मसँग कृषकका आवश्यक्ता र सवालहरूबारे परामर्श लिन्थे । सञ्चालन समितिका केही सीमित औपचारिक बैठकहरूबाहेक मलाई अन्य बैठकमा बोलाइएको छैन । अहिले मैले आयोजनासँग त्यति नजिक रहेको अनुभव गरेको छैन । पछिल्ला दिनमा आएर त मलाई कुनै पनि बैठकमा बोलाइएको छैन । मलाई के महसुस भएको छ भने सरकारको कर्मचारीतन्त्रको संस्कारले आयोजनालाई आफ्नो अधिनमा राखेको छ । नागरिक संगठनको भूमिका समानान्तर कार्यान्वयनकर्ताको भएको छ भने कृषक संगठनको भूमिका एएफएसपी आयोजनाको साक्षी बस्ने रूपमा आलंकारिक रूपमा मात्र रहेको छ ।" – डा. केशव खड्का, उत्पादक संस्थाका तर्फबाट एएफएसपी सञ्चालन समितिका सदस्य ।*

हिमाली गाउँ भरताका किसान धान र मकैमात्र उत्पादन गर्थे । अहिले उनीहरू विभिन्न प्रकारका स्वास्थ्य वर्द्धक खानेकुरा उत्पादन गरिरहेका छन् ।
**फोटो सौजन्य : लोकचन्द्र थापा/ एक्सन एड**



*सवल नागरिक संगठन र कृषक संगठनहरूको सहभागिताले एएफएसपीलाई रणनीतिक सवाल तथा कृषकका अधिकार विशेषगरी भूमि सवाल तथा कृषिमा लगानीका सम्बन्धमा फाइदा पुग्छ । अधिकारमा आधारित नागरिक संगठनलाई एएफएसपीको सरोकारवालाका रूपमा सहभागी गराएमा भूमि अधिकार र नीतिगत प्रभावका दृष्टिकोणबाट उपयोगी हुन्छ । सिमान्त किसानको जमिन कम भएकाले उनिहरूको खेर गईरहेको कृषियोग्य जमिन र बाँझो जमिनमा पहुँच बढाउन परियोजनाले अर्को फेजमा ध्यान दिनुपर्छ । उत्पादनको लागि थप सहयोग मात्र दिएर पुग्दैन् । उत्पादनको दायरा एवं क्षेत्रहरूलाई फराकिलो बनाउनु पर्छ । – जगत देउजा, कार्यकारी निर्देशक, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र*

## ४. आयोजना कसरी महिलासम्म पुगी उनिहरूलाई कसरी लाभान्वित गरायो ?

एएफएसपी स्पष्ट रूपमा महिला लक्षित आयोजना हो । यो आयोजना आफ्ना समग्र क्रियाकलापहरूबाट महिलालाई प्राथमिकता दिई सफलतापूर्वक उनीहरूमा पुगेको छ । कृषक पाठशाला समूह तथा गाउँ नमुना फार्म अनुमानित ७० प्रतिशत सहभागी महिला नै छन् । नमुना गाउँ फार्ममा गर्भवती महिला, २ वर्षभन्दा कम उमेरका बच्चाका आमासहित सम्पूर्ण सदस्य महिला नै छन् भने कृषक पाठशाला समूहम ५० प्रतिशत महिला र ५० प्रतिशत पुरुष छन् । यस्तासम्म उदाहरणहरू छन्, बहिस्करणको अन्त्य गर्न चाहने नमुना कृषक समूहका केही सदस्यको प्रेरणाका कारण समूहमा नभएका महिलाले पनि नमुना कृषक समूहमा प्रवर्द्धन गरिएका पोषण परिवर्तनका कार्यक्रमहरूको अनुकरण गरेका छन् ।

यो आयोजनाबाट महिला कृषकहरू प्रत्यक्ष रूपमा पोषण र स्वास्थ्य शिक्षाबाट लाभान्वित भएका, उनीहरूको कार्यबोझ र कार्यसमय घटाउनका लागि विभिन्न उपकरण तथा सहयोगहरू पाएका तथा तरकारी खेती एवं पशुपालन (कुखुरा, अण्डा र खसीबाख्रा) का लागि प्राविधिक सहयोग र प्रविधिहरू प्रदान गरिएका कारण एएफएसपी कार्यक्रम महिला कृषकका माझमा निकै लोकप्रिय छ । ग्रामीण महिला स्वास्थ्य स्वयम्सेविका तथा गाउँ नमुना फार्ममार्फत मातृ शिशु स्वास्थ्य र पोषण शिक्षा यस कार्यक्रमको प्रस्थान बिन्दु हो भने यससँगै कृषि र पशुपालनका लागि गरिने सहयोग महिलाको परिचालनमा ज्यादै नै प्रभावकारी सिद्ध भएको छ ।

एएफएसपीका कार्यक्रमहरूले फाइदा पुऱ्याएबाहेक यो आयोजनाको कार्यान्वयनले घरायसी र समुदायमा महिलामा सकारात्मक आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनसमेत ल्याएको छ । गाउँ नमुना फार्ममार्फत महिलाले सामूहिक बचतको सुरुवात गरी एएफएसपीको अनुदानका लागि आफूलाई संगठित बनाएका छन् । महिलाले एकजना महिला साक्षीको हस्ताक्षरमा आफ्नै नाममा बैंकमा खाता खोल्न सक्छन्, यसका लागि आयोजनालाई धन्यवाद । केही मिश्रित कृषक पाठशाला समूह र सम्पूर्ण महिला समूहमा महिलाहरू नै नेतृत्वमा छन् ।

*"म धेरै गर्व गर्छु कि मेरो सक्रियताले पहिले आफ्नो नामसम्म बताउन नसक्ने ग्रामीण महिला अहिले सार्वजानिक रूपमा बोल्न सक्ने गरी क्षमतावान् भएका छन् । अहिले तपाईं देख्न सक्नुहुन्छ कि उनीहरू कसरी आफ्नो भोगाइका अनुभवहरू र त्यसलाई उनीहरू आफैंले कसरी सम्बोधन गरे भन्ने बारेमा कसरी वर्णन गरिरहेका छन् ।" – तुलसी शाही, आयोजना सहजकर्ता, नाग्मा गाविस तथा फुई महादेव गाविस, कालिकोट ।*

घरायसी काम तथा छोराछोरीको स्याहार गर्ने कामका पनि जिम्मेवारी बाँडफाँडको सुरुवात भएको छ । यसका लागि आयोजनालाई धन्यवाद दिनै पर्छ । बालबालिकाको स्याहार तथा पोषणका कक्षाहरू तथा नमुना स्वास्थ्य गाउँको संयुक्त योजना निर्माणमा केही पुरुष पनि सक्रिय छन् ।

*"हामीहरू बैठक तथा कृषि उत्पादनसम्बन्धी तालिममा जानुपर्ने भएका कारण घरायसी काममा श्रीमान्‌को सहयोग आवश्यक पऱ्यो र अहिले हाम्रा श्रीमान्‌ले घरयासी काममा सहयोग गर्न थालेका छन् । हाम्रा श्रीमान् छोराछोरीलाई बोक्नसमेत लजाउँथे तर अहिले छोराछोरीलाई माया गर्न र ध्यान दिन थालेका छन् । हाम्रा श्रीमान्‌ले हामी बैठकमा भएका समयमा हामीलाई भान्साको काममा पनि सहयोग गर्छन् । पहिले लजाउने हामी महिला अहिले सार्वजानिक ठाउँमा बोल्न सक्ने भएका छौं ।" – तातोपानी गाउँ नमुना कृषक समूहका महिला सदस्य*



एएफएसपीबाट जुम्लाका किसानले गहुँ उत्पादन सुधारमा सहयोग पाएका छन्।

**फोटो सौजन्य : लोकचन्द्र थापा/ एक्सन एड**

*"आयोजनाले बालबच्चाको स्याहार गर्ने भूमिकामा महिला तथा पुरुष दुवैलाई उत्साहित गऱ्यो जब कि पहिले यो भूमिका महिलाको मात्र थियो। अहिले एएफएसपीका पोषण र बालबच्चा स्याहारका कक्षाहरूका कारण पुरुषहरूले पनि बालबच्चाको स्याहार गर्ने तथा बालबच्चाका लागि खाना पकाउनसमेत थालेका छन्।" – डा. कौशिला अली, जिल्ला जनस्वास्थ्य कार्यालय, कालिकोट।*

महिलाको कार्यबोझ एकदम नै घटेको छ। यसका लागि मकै छोडाउने मेसिन क्रोन सेलर्स, बीउ ग्रयान्डिङ मेसिन, कुटानी पिसानी मिल, प्रशोधन मिल र सुधारिएको चुलोको प्रयोगले सहजता ल्याएका छन्। सोभन्दा अघि उनीहरूलाई अन्न कुटानीपिसानी गर्न ४ घण्टाको बाटो हिँड्नुपर्थ्यो भने प्रत्येक ३ दिनमा ६ देखि ८ घण्टाको समय जंगलबाट दाउरा संकलन गर्न लाग्थ्यो।

एएफएसपीले स्पष्ट रूपमा उच्च संख्यामा महिलालाई लाभान्वित गरेको छ र उनीहरूको जीवनस्तर र अवस्था पनि सुधारेको छ तर महिला सशक्तीकरणको सवालमा भने अझ व्यवस्थित बनाउन सकिन्थ्यो। कृषि, खाद्य सुरक्षा तथा पोषणका क्रियाकलापहरूको लैङ्गिग विश्लेषण गरी लैङ्गिक समता र सामाजिक समावेशीकरणको कार्ययोजना निर्माण गरी आयोजनामा एकीकृत गर्न सकिन्थ्यो। यसो गरिएको भए त्यसले घरायसी रूपमा प्राप्त सम्पत्ति र फाइदाहरूको सम्बन्धमा निर्णय प्रक्रिया तथा रणनीतिक शक्ति सम्बन्धमा रहेका असमानतालाई आयोजनाले कसरी सम्बोधन गरेको रहेछ भनी विश्लेषण गर्न सकिन्थ्यो। लैङ्गिक परिवेशमा रणनीतिक विश्लेषण नहुँदा आयोजनाको कार्यान्वयनको लैङ्गिक पक्षमा भने केही कमी कमजोरी भएका छन्। आयोजनाका प्राविधिक विशेषज्ञहरूमा पुरुषको अनुपात ज्यादै उच्च छ र परामर्श बैठक, सरकारी अधिकारीहरूसँगका बैठक तथा अन्य सरोकारवालाहरूसँगका बैठकमा महिला घरधुरीहरूको सहभागिता अभिवृद्धि गर्ने तथा उनीहरूलाई उत्तरदायी बनाउने विकल्पमा कमी कमजोरी रहेको छ।



भविष्यमा एएफएसपीले महिलाको अधिकारको सवाल र विशेषगरी प्राकृतिक स्रोतमा उनीहरूको अधिकार सम्बन्धमा महत्वकांक्षी लैङ्गिक आयाम समावेश गर्न सकिन्छ। नेपाली समाजमा निर्णय प्रक्रियामा जमिनको स्वामित्व एक प्रमुख निर्धारक तत्व हो। जमिनमा महिला र पुरुषको संयुक्त स्वामित्व कायम गर्ने सम्बन्धी अवसरहरूका सम्बन्धमा आयोजनाले खोजी नगरेको पाइयो। उत्पादनशील स्रोतहरूमा महिलाको स्वामित्वसम्बन्धी अभावका कारण आएको परिणामको एउटा सवाल स्थलगत अनुसन्धानका क्रममा उठेको थियो। आयोजनाले दाउराको प्रभावकारिता अभिवृद्धिका लागि धुँवारहित चुलोको निर्माण गरिरहेको भए तापनि सामुदायिक बन कार्यक्रममार्फत घरायसी तहमा दाउराको संकलनसम्बन्धी कुरालाई परियोजनाका सबै स्थानहरूमा औपचारिकता तथा संरक्षण प्रदान गर्ने कार्य भने भएको छैन।

*"जमिनको स्वामित्वको सम्बन्धमा महिलामाथि रहेको विभेदकारी मूल्य मान्यताको अन्त्य गर्नु हाम्रो आगामी प्रयास हुने छ। हाम्रो साथमा नागरिक सचेतना मञ्च, महिला विकास कार्यालय, हिमचुली बचत सहकारी र एएफएसपीले सिकाएको सीप छ। जसलाई काममा महिलाको समान ज्याला तथा पुर्ख्यौली सम्पत्ति तथा जमिनमा महिलाको समान*

*अधिकारसम्बन्धी छलफल तथा बहसमा परिचालित गरिने छ । जीविकोपार्जन तथा पोषण सम्बन्धमा एएफएसपीका प्रस्तावहरूमा काम गरिरहँदा हामीहरू हाम्रो गाविसबाट असमानता हटाउने प्रयत्नका सम्बन्धमा पनि छलफल गरिरहने छौँ ।" – तुलसी शाही, आयोजना सहजकर्ता, नाम्मा गाविस तथा फुई महादेव गाविस, कालिकोट ।*

## ५. के आयोजनाले समुदायलाई अझ वातावरण अनुकूलित बनायो ?

नेपालमा वातावरण परिवर्तन तथा गरिबीको जोखिम उच्च स्थान तथा अनुकूलन क्षमता न्यून स्थानमा छ । वातावरण संवेदनशीलताको जोखिमको आधारमा नेपाल चौथो उच्च जोखिमयुक्त देश पनि हो ।[९]

वातावरण परिवर्तनलाई एएफएसपीले औपचारिक रूपमा ग्रहण गरिसकेपश्चात् सबै क्रियाकलापहरूमा वातावरण परिवर्तनका जोखिमहरूको संभावित असरसम्बन्धी लेखाजोखा समावेश गर्नु आवश्यक छ ।

*"हामीले कुनै पनि वातावरणीय जोखिमको असर नहोस् भनी कृषकहरूको सामुदायिक अनुकूलनताको निर्माणका लागि उनीहरूलाई प्रत्येक क्रियाकलापको कार्यान्वयन अगाडि नै बाली लगाउने पद्धतिमा परिवर्तन, लघु सिंचाइ प्रविधि, पोखरी, स्प्रीङकल, आकाशे पानी संकलन लगायत वातावरणीय तथा सामाजिक सुरक्षासम्बन्धी लेखाजोखामा सहयोग गरिरहेका छौँ" – सुनिलकुमार सिंह, जिल्ला कृषि विकास कार्यालय, कालिकोट ।*

कृषिमा विकास गरिएको लघु सिंचाइ पद्धति (पोखरी, स्प्रीङकल, आकाशे पानी संकलन, पद्धति) र प्लाष्टिकका टनेलमा गरिने बेमौसमी तरकारी खेतीमा गरिएको सहयोगका कारण कृषकहरू मौसममा कम आश्रित भएका छन् । खाद्यान्नको उपलब्धता तथा आम्दानीमा वृद्धिसम्बन्धी गरिएको प्रतिवेदनका आधारमा अप्रत्यक्ष रूपमा घरायसी तहमा जलवायु परिवर्तनलगायत बाह्य प्रभावहरूसँग प्रतिरोध गर्ने क्षमताको विकासमा सहयोग पुग्न सक्छ ।

एएफएसपीको सक्रियतामा जलवायु अनुकूलन एउटा एकीकृत अवधारणा रूपमा विकास भयो, त्यसभन्दा अगाडि समुदायस्तरमा जलवायु अनुकूलन तथा प्रतिरोधी क्षमता विकाससम्बन्धी जोखिम मापन, सामुदायिक ग्रहणशीलता योजनाको विकास, बजेटको व्यवस्थापन वा जलवायु अनुकूलन कोषको स्थापना, भूमिका तथा जिम्मेवारीको बाँडफाँड र सञ्जाल निर्माणलगायतका क्षेत्रहरूमा कुनै काम भएको थिएन । अनुसन्धानकर्ताले भ्रमण गरेका अन्य कुनै पनि स्थानहरूमा सामुदायिक अनुकूलन कोषको बारेमा ज्ञान थिएन । तर डडेलधुराको आलिताल, जहाँ एएफएसपीसँग सम्बन्धित नभएको गैससले पनि वातावरण जोखिम तथा समुदायको अनुकूलन क्षमताका बारेमा कार्यक्रम सञ्चालन गरेको थियो ।

# सुझावहरू

ए एफ एस पी कार्यक्रम आफैँमा जनस्वास्थ्य, पोषण, खाद्य सुरक्षा र कृषि विकासको एकीकृत कार्यक्रमको प्रभावकारी नमुना हो । यो आयोजना कृषक महिला समूह र जोखिममा रहेका घरधुरीहरूमा सफलतापूर्वक पुगी गाउँ नमुना फार्म तथा कृषक पाठशाला समूहहरूलाई सहयोग गर्ने काम प्रशंसायोग्य छन् । तापनि एएफएसपीको समाप्तिपश्चात् पनि आयोजनाको दिगोपना, अनुकूलन तथा लैङ्गिक आयामका सम्बन्धमा सुधार गर्नका लागि निम्न सुझावहरू दिइएको छ ।

## परियोनाको पद्धति तथा रणनीति सम्बन्धमा

- यो परियोजनाले नागरिक संगठन तथा उत्पादकहरूलाई कसरी अझ बढी सहयोग गरी सवल बनाउन सकिन्छ भन्ने सम्बन्धमा विचार गर्नु जरुरी छ, ताकि उनीहरूले कृषक समूहलाई अझ राम्रोसँग संगठित गर्न, क्षेत्रीय तथा राष्ट्रिय स्तरमा कृषकहरूको सहभागिता तहमा अभिवृद्धि गर्न र प्रभावित समूहलाई सरकारी नीतिहरूमा प्रभाव पार्ने कार्यमा सुधार गर्न

9 वर्ल्ड बैंक, नेपाल एग्रीकल्चर एण्ड फूड सेक्योरिटी प्रोजेक्ट, प्रोजेक्ट इन्फर्मेशन डकुमेन्ट, कन्सेप्ट स्टेज,२०१२, http://documents.worldbank.org/curated/en/247321468758137220/pdf/PID0Print0P12890500530201201338406982864.pdf

सकियोस् । यसको एउटा विकल्प कृषक संगठनलाई विशिष्ट क्षमता विकासको सहयोग गर्न सकिन्छ ता कि उनीहरूले संगठित भूमिका निर्वाह गर्न सकून् ।

- यस परियोजनाले सहमतिमा आधारित निर्णय पद्धतिको विकास गर्न'पर्छ ता कि आयोजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापनका कार्यमा नागरिक संगठन तथा उत्पादकहरूको विचारको सम्मान गर्दै उनीहरूका सुझाव र सल्लाह लिन सकियोस् । विविधि सुझावहरूको सम्बन्धमा सहमति कायम गर्न पर्याप्त समय र स्थान उपलब्ध गराई कृषक संगठन र नागरिक संगठनहरूलाई उनीहरूका सुझाव समावेश गरिएको सूचना दिनुपर्छ ।

- परियोजनाले कार्यान्वयनमा खासगरी प्राकृतिक स्रोतको व्यवस्थापनसम्बन्धी कार्यान्वयन रणनीतिलाई अधिकारमा आधारित पद्धतिको आधारमा अवलम्बन गरेमा फाइदा पुग्न सक्छ । यसका लागि मानव अधिकार, महिला अधिकार, प्राकृतिक स्रोतसम्बन्धी अधिकार र खाद्य सुरक्षाको प्रवर्द्धन गर्ने नागरिक संगठनहरूलाई आयोजनाले रणनीतिक साझेदारका रूपमा समावेश गर्नु उपयुक्त हुन्छ ।

## महिला सशक्तीकरण सम्बन्धमा

- सबै तहका योजना तथा क्रियाकलाप तथा तिनको कार्यान्वयनमा लैङ्गिक विश्लेषण तथा प्रभाव मूल्यांकनका लागि प्रभावकारी पद्धतिको विकास गरिनुपर्ने,

- महिला अधिकार तथा महिला सशक्तीकरणमा कर्मचारीको नियुक्ति प्रक्रियादेखि नै शीप परीक्षण तथा पाठ्यक्रममा समावेश गरी मानव संशाधन क्षमता विकास तथा सहयोगका कार्यक्रममा एकीकृत गर्नु आवश्यक छ ।

## आयोजनाको दिगोपना तथा वातावरण अनुकूलन सम्बन्धमा

- यो आयोजना निर्दिष्ट कार्यक्रमअनुसारका सामाजिक तथा वातावराणीय लेखाजोखाभन्दा अघि बढी समुदायमा आधारित जोखिम तथा संवेदनशीलताको लेखाजोखा, कार्ययोजना निर्माण, समुदायको अनुकूलन क्षमता विस्तार, सञ्जाल निर्माण तथा बजेट विनियोजनसमेत गरी समुदायमा आधारित एकीकृत तथा समुदायद्वारा व्यवस्थित अनुकूलन पद्धति विकास गर्नु आवश्यक देखिन्छ ।

- यो आयोजनाले आयोजना कार्यान्वयनमा स्थानीय तथा परम्परागत ज्ञानलाई व्यवहारमा उतार्नेतर्फ लक्षित गरी परम्परागत अन्न उत्पादन, स्थानीय जाति तथा प्रजातिको छनौट तथा ग्रहण र कृषिजन्य अनुसन्धानका आवश्यकता पहिचान र कार्यान्वयनमा स्थानीयको सहभागिता अभिवृद्धि गर्नु आवश्यक छ ।

- आयोजनाले स्पष्ट रूपमा दिगो योजना निर्माण गरी सहयोग गरिएका कृषक तथा महिला समूहको दिगोपना तथा वितरण गरिएका विशिष्ट उपकरणहरूमा उच्च रूपमा आश्रित कार्यक्रमको दिगोपना सुनिश्चित गर्नुपर्छ । आयोजनाको अन्तिम कार्यान्वयनको अवस्था तथा आयोजना पछिल्ला चरणहरूको समेत कृषकहरूलाई कृषि तथा पशुपालनसम्बन्धी लगानी, अन्न खपत सम्बन्धमा स्वायत्त बनाउनु आयोजनाको मुख्य उद्देश्य हुनुपर्छ ।


कृतज्ञता

यो प्रतिवेदनको अंग्रेजी संस्करण कञ्चन लामाले अल्वर्ट गुएरा, क्रिस कोक्सोन र इस्तर पेनुनियाको सहयोगमा गरेको अनुसन्धानका आधारमा जिन-साइरिल डेग्रोनद्वारा लेखिएको हो । यस प्रतिवेदनको नेपाली अनुवाद वालकृष्ण पोखरेलले गर्नुभएको हो ।



एक्सन एड, युएसए, १२२० एल मार्ग, एनडब्लु, स्वीट ७२५, वाशिङटन डिसी २०००५, +१ (२०२) ८३५-१२४०

www.actionaidusa.org


**More Action. Less Aid.**